आज मिति २०८२ असार १० गते मंगलबारको दिन दार्मा गाउँपालिका आ.व. २०८१/८२ को २२ औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| माध्य के.सी. | लेखापाल |
| रमेश देवकोटा | का०प्र० |

प्रस्तावहरु

१. गाउँसभा बैठकको कार्यसूची सम्बन्धमा ।
२. विनियोजन विधेयक सम्बन्धमा ।
३. बजेट तथा कार्यक्रम पास गर्ने सम्बन्धमा ।
४. वडा नं २ को वडा कार्यालयको जग्गा प्राप्ती सम्बन्धमा ।
५. वडा कार्यालयको प्रोत्साहनमा आधारित अनुदान सम्बन्धमा ।
६. भूमी शाखा गठन सम्बन्धमा ।
७. विविध

**<u>निर्णय नं १</u>**

दार्मा गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनको चौथो बैठकको कार्यसूची तपसिल बमोजिम तय गर्ने ।

तपसिल

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दार्मा पालिका

दार्मा गाउँसभा, १४ औं अधिवेशन

**कार्यसूची र समयतालिका**

बैठकसंख्या: ४

बैठक स्थानः सभाहल

अध्यक्षताः निम बहादुर के.सी.

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२/०३/१० | दिउँसो १:०० बजे। | उपस्थिति पुस्तिकामा हस्ताक्षर, सभा सदस्यको आसन ग्रहन | सभाध्यक्ष | |
| २०८२/०३/१० | दिउँसो१: १०बजे। | सभाध्यक्षको आगमन, राष्ट्रिय धुन | सभाध्यक्ष | |
| २०८२/०३/१० | दिउँसो १:१५ बजे। | बैठक प्रारम्भ, | सभाध्यक्ष | |
| २०८२/०३/१० | दिउँसो १:१५ बजे। | माननीय ज्यूहरुको सुभकामना शन्देश वाचन | सभाध्यक्ष | |
| २०८२/०३/१० | दिउँसो १:१५ बजे। | विनियोजन विधेयक पेश | उपाध्यक्ष | |
| २०८२/०३/१० | दिउँसो १:२० बजे। | आगामी आ.व. को बजेट तथा कार्यक्रम पेश | उपाध्यक्ष | |
| २०८२/०३/१० | दिउँसो २:०० बजे। | मिति २०८२/०३/२७ गते दिउँसो १ बजे बस्नेगरी वैठक कार्यवाही स्थगित | सभाध्यक्ष | |

**निर्णय नं २**

आ व २०८२/०८३ को विनियोजन विधेयक कार्यपालिकाले पास गर्दै सभामा पेश गर्ने

**निर्णय नं ३**

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

आ व २०८२/ ०८३ को बजेट तथा कार्यक्रम कार्यपालिकाले पास गर्दै सभामा पेश गर्ने ।

**निर्णय नं ४**

दार्मा गाउँपालिका वडा नं २ को वडा कार्यालय भवन निर्माण गर्ने निशुल्क जग्गा प्राप्तीको लागि सार्वजनिक सूचना गरेकोमा साविक दार्माकोट गा.वि.स. वडा नं ४, हालको दार्मा गाउँपालिका वडा नं २ बस्ने सितल बस्नेत ना.प्र.नं (७३/६४९) ले आफ्नो नाममा दर्ता श्रेस्ता भएको कि.न. ९४२, ज.वि. १-१५.३-० को जग्गा निशुल्क दान दिन इच्छुक भएको भनी निवेदन दिएको तथा जग्गामा कुनैपनी विवाद नभएको भनी स्वघोषणा गरेकोले र उक्त जग्गा वडा कार्यालय बनाउन उपयुक्त हुने देखिएकोले सो जग्गा दार्मा गाउँपालिकाको नाममा दा.खा हुनेगरी निर्णयको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने ।

**निर्णय नं ५**

चालु आर्थिक बर्षमा सबैभन्दा बढि राजश्व संकलन गर्ने वडा कार्यालयहरु क्रमश: वडा नं ५ र वडा नं ६ मा रु. ५०/५० हजार रकम प्रोत्साहन स्वरुप बजेट सिलिङमा उपलब्ध गराउने ।

**निर्णय नं ६**

भूमि समस्या समाधान आयोगको मिति २०८२/०२/२९ गतको भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यबस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि वडाकार्यालयहरु मार्फत आवेदन संकलन गर्न गराउने कार्यको लागि तपसिल बमोजिम गर्ने ।

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई र अव्यबस्थित बसोबासीहरुले आ-आफनो वडा कार्यालयमा गई निवेदन फारम भर्न सार्वजनिक सूचना आह्वान गर्ने ।
२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई र अव्यबस्थित बसोबासीहरुको लगत संकलन कार्यविधि, २०८१ को दफा ५ बमोजिम भूमि शाखा गठन गर्ने र रोजगार संयोजक राजकुमार वली र रोजगार सहायक महेश सनारलाई शाखामा खटिने कर्मचारीको रुपमा नियुक्ती दिने ।

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत